## अनुसुचि-२
## (दफा ४ को अनुसुचि -१ को भाग २ संग सम्बन्धित)


# रम्भा गाउँपालिका,पालपा

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड :०९ | संख्या:११ | मिति:२०८२/०६/२८ |


# भाग-३
# रम्भा गाउँपालिका

## रम्भा गाउँपालिका

## वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित कृषि कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

वैदेशिक रोजगारको क्रममा प्राप्त ज्ञान, सीप र अनुभवको उपयोग गर्दै स्वदेश फर्केर व्यवसायिक कृषि पेशामा आबद्ध हुन चाहने युवाहरूको उत्प्रेरणा बढाई कृषिको व्यवसायिकरण र रोजगारीका अवसरहरू सृजनामा सहयोग पुर्याउन वाञ्छनीय भएकोले रम्भा गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७४ को दफा ३६ बमोजिम रम्भा गाउँपालिका, नगर कार्यपालिकाले "वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित कृषि कार्यक्रम कार्यविधि, २०८२" स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित कृषि कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि रम्भा गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "उद्यमी/व्यवसायी" भन्नाले रम्भा गाउँपालिका तथा करदाता कार्यालयमा व्यवसाय दर्ता नवीकरण गरेको कृषि फर्म तथा व्यावसायिक कृषकहरूलाई बुझ्नु पर्दछ ।

(ख) "गाउँपालिका " भन्नाले रम्भा गाउँपालिका सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले रम्भा गाउँपालिका आर्थिक विकास समिति सम्झनु पर्छ ।

(घ) "व्यवसाय" भन्नाले स्वरोजगार सृजना गरी आय आर्जन गर्ने कृषी उपजको उत्पादन कार्य सम्झनु पर्छ। (ङ) "वैदेशिक रोजगारबाट फर्केका" भन्नाले अर्थोपार्जन वा कृषि अध्ययन आदिको सिलसिलामा नेपाल भन्दा बाहिर कुनै पनि देशमा घटीमा ६ महिना बसी स्वदेश फर्किएका यस नगरपालिकाको स्थायी बसोबास भएका नेपाली नागरिकहरूलाई सम्झनु पर्छ । तर यस कार्यविधि अनुसारको अनुदान प्राप्त गर्न वैदेशिक रोजगारबाट फर्केको कम्तीमा ६ महिना र बढीमा तीन वर्ष भएको हुनुपर्ने छ ।

(च) "युवा" भन्नाले रम्भा गाउँपालिकाको स्थायी बासिन्दा भई रम्भा गाउँपालिका क्षेत्रमा व्यावसायिक कृषि उत्पादनमा संलग्न भएको वा हुन चाहने १८ देखि ५० वर्षसम्मको उद्यमीलाई सम्झिनु पर्दछ ।

(छ) "कार्यक्रम " भन्नाले अध्यक्ष संग युवा स्वरोजगार कार्यक्रम भनेर सम्झनु पर्दछ।

## परिच्छेद २

## लाभग्राही छनौट प्रकृया

३. व्यावसायिक खेती गर्नेः रोजगारी वा प्राविधिक शिक्षा अध्ययनका लागि विदेश गई फर्केका युवाहरूले कृषि क्षेत्रमा स्वरोजगार सृजना गरी आयस्तर वृद्धि गर्नका लागि आफ्नै जमिन वा जग्गा करारमा लिई अनुसूची १ बमोजिमको आवश्यकता बमोजिम व्यावसायिक खेती गर्नु पर्नेछ ।

४. सूचना प्रवाह र आवेदन संकलन : सूचना प्रवाह र आवेदन संकलन देहाय अनुसार हुनेछ :

(१) रोजगारबाट फर्केका युवा लक्षित कृषि कार्यक्रममा सहभागी हुन खैरहनी नगर कार्यपालिकाको कार्यालयबाट १५ दिने सूचना प्रकाशन गरी आवेदन आह्वान गर्नु पर्नेछ । यस्तो सूचना गाउँपालिका तथा सम्पूर्ण वडा कार्यालयहरूको सूचना बोर्डमा टाँस गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(२) यस कार्यक्रममा सहभागी हुन चाहने युवाहरूले उपदफा (१) बमोजिम सूचना प्रकाशन भए पश्चात तोकिएको समय भित्र अनुसूची २ अनुसारको ढाँचामा आफूले गर्न चाहेको कृषि व्यवसायको विषयमा रम्भा गाउँपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि शाखामा देहाय बमोजिमको कागजात संलग्न गरि आवेदन पेश गर्नु पर्नेछ ।

(क) संक्षिप्त कार्य योजना (अनुसूची ४ को ढाँचामा )

(ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

(ग) सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

(घ) स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि,

(ङ) गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा लेखा परीक्षणको प्रतिलिपि,

(च) अन्य प्रमाणित प्रमाणपत्रहरू (तालिम, शैक्षिक योग्यता आदी) को प्रतिलिपिहरू (भएमा),

(छ) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

(ज) वैदेशिक रोजगारमा घटीमा ६ महिना बसेको र स्वदेश फर्किएको कम्तीमा ६ महिना तथा बढीमा पाच वर्ष भएको प्रमाण,

(झ) निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान,

(ञ) अनुसूची -१ बमोजिम आवश्यक जग्गाको मापदण्ड प्रमाणित हुने कागजात र कर तिरेको रसिद,

(ट) कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा दिई कार्यक्रम सञ्चालन गर्नको लागि कम्तीमा ३ वर्षको करार गरिएको सम्झौता पत्रको प्रतिलिपि ।

५. प्रस्ताव मूल्याङ्कन समिति :

(१) दफा ४ बमोजिम अनुदान प्राप्तिको लागि प्राप्त प्रस्तावहरू छनौट गर्न देहाय बमोजिमको एक प्रस्ताव मूल्याङ्कन समिति रहने छ ।

(क) गाउँपालिका उपप्रमुख - सदस्य

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) आर्थिक विकास समिति संयोजक - सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(ङ) कृषि शाखा प्रमुख -सदस्य सचिव

(२) मूल्याङ्कन समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

(३) मूल्याङ्कन समितिको बैठकमा आवश्यकता अनुसार वडाध्यक्षहरू तथा विषय विज्ञहरूलाई आमन्त्रण गर्न सकिने छ ।

(४) प्रस्ताव मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिले अनुसूची- ३ बमोजिम मूल्याङ्कनका आधारहरू अनुसार गर्नु पर्ने छ ।

(५) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरू मूल्याङ्कन गरी क्रमशः बढी अङ्क प्राप्त गर्ने प्रस्तावहरू स्वीकृत गर्नु पर्नेछ।

(६) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरू मूल्याङ्कन गर्दा आवश्यकता अनुसार अनुगमन तथा निरीक्षण गरि प्रतिवेदन लिन सक्नेछ ।

## परिच्छेद — ३

## अनुदान हस्तान्तरण सम्बन्धी प्रक्रिया एवं सर्तहरू

६. कृषि अनुदान हस्तान्तरणमा प्राथमिकता दिइने : कृषि अनुदान हस्तान्तरण गर्दा देहाय बमोजिमका व्यक्तिहरूलाई प्राथमिकता दिइने छ ।

(क) कृषि व्यवसाय सुरुवात गरेको,

(ख) महिला, दलित, सामाजिक रूपमा पिछडिएका तथा विपन्न युवावर्ग,

(ग) वैदेशिक कृषि शिक्षा हासिल गरि फर्किएका युवाहरू ।

७. सम्झौताः

(क) प्रस्तावना पेश गर्ने आवेदक मूल्याङ्कन समितिबाट छनौट भइसकेपछि आवश्यक कागजात सहित सम्झौता गर्न आउन नगरपालिकाले ७ दिनको अवधि तोकी सूचना गर्नेछ ।

(ख) उपदफा (१) बमोजिम तोकिएको म्याद भित्र आएका लाभग्राही सँग अनुसूची ५ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

८. अनुदान रकमको परिचालन :

(क) अनुदानको रूपमा प्रदान गरिने रकम प्रत्येक लाभग्राहीलाई लागतको ५०% वा एक लाख मध्ये जुन घटी हुन जान्छ सोही रकम मात्र सम्झौता बमोजिमको कार्य सम्पन्न भए पश्चात् उपलब्ध गराइने छ ।

(ख) कार्यक्रम सञ्चालनका लागि अनुदान रकमको ९५% रकम बीउ, बिरुवा, क्षेत्रफल बिस्तार, अन्य उत्पादन सामाग्री खरिद, तोकिएको बाली, वस्तुको उत्पादन देखि भण्डारणसम्मको आवश्यक पर्ने मेसिनरी औजार उपकरण खरिद र साना सिँचाइ निर्माण तथा मर्मत सम्भारको कार्यमा परिचालन गर्न सकिनेछ तथा ५% रकम अनिवार्य रूपमा क्षमता विकासमा परिचालन गर्नु पर्नेछ ।

(ग) छनौट भएका कार्यक्रमहरू कम्तीमा एक आर्थिक वर्षसम्म सञ्चालन गर्नु पर्नेछ।

९. कार्य सम्पन्न प्रतिवेदन : सम्झौता बमोजिमको कार्यक्रम पूर्वरूपमा सम्पन्न भइसकेपछि सम्बन्धित 'युवा उद्यमीले वडा कार्यालयको सिफारिस साथ अनुसूची-६ बमोजिमको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ ।

## परिच्छेद- ४
## विविध

१०. कारबाहीको व्यवस्थाः प्रस्ताव स्वीकृत भएका कृषकहरूले सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानुन बमोजिम कारबाही गरी सरकारी रकम असुल उपर गरिने छ ।

११.प्रचलित कानुन बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएको विषयहरू यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१२.बाधा अड्काउ फुकाउने र संशोधन :

(क) यस कार्यविधिको कार्यान्वयनमा कुनै दुबिधा उत्पत्ति भई कार्यान्वयन गर्न बाधा परेमा नगरप्रमुखले बाधा अड्काउ फुकाउन सक्नेछ ।

(ख) प्रचलित कानुनको प्रतिकूल नहुने गरी नगर कार्यपालिकाले यस कार्यविधिमा आवश्यक परिमार्जन एवं संशोधन र गर्न सकिनेछ ।

आज्ञाकारी

वीर बहादुर पुन

प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची-१

वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित कृषि कार्यक्रममा समावेस हुन सक्ने बाली र आवश्यक न्युनतम क्षेत्रफल/संख्या

| क्र.सं. | बाली | आवश्यक न्यूनम क्षेत्रफल/संख्या |
|---|---|---|
| १ | तरकारी बाली | १० कठ्ठा |
| २ | ड्रागन फ्रुट/स्ट्राबेरी/अवोकाडो | ५ कठ्ठा |
| ३ | कागती/खरबुजा/मेवा/भुइँकटर | १० कठ्ठा |
| ४ | च्याउ | ३०० के.जी. (उत्पादन क्षमता |
| ५ | मौरीपालन | १०० वटा आधुनिक मौरी घार |

अनुसूची-२

वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित कृषि कार्यक्रममा दिईने आवेदन-पत्र

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू/कृषि विकास अधिकृत ज्यू,
रम्भा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
पिपलडाँडा, पाल्पा ।

महोदय,

विषयः वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित कृषि कार्यक्रममा सहभागी गराई दिने बारे ।

प्रस्तुत विषयमा रम्भा गाउँपालिका, नगर कार्यपालिकाको कार्यालयको वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित कृषि कार्यक्रममा सहभागी भई........................................ कार्य गर्न इच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित नगर भित्रै रही कार्य गर्नेछु।

पुनश्चः तपसिल अनुसारका कागजातहरू यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपसिलः

१. अनुसूची २ अनुसारको आवेदन फाराम,
२.संक्षिप्त कार्य योजना,
३.नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,
४.सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि,
५.स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि,
६.गत आर्थिक बर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र लेखा परीक्षणको प्रतिलिपि,
७.अन्य प्रमाणित प्रमाणपत्रहरू (तालिम, शैक्षिक योग्यता आदि) को प्रतिलिपिहरू,
८.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
९.वैदेशिक रोजगारबाट फर्केकाको पासपोर्टको प्रतिलिपि,
१०.निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान,
११.कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा दिई कार्यक्रम सञ्चालन गर्नको लागि कम्तिमा ३ वर्षको करार गरिएको सम्झौता पत्रको प्रतिलिपि ।

निवेदक

दस्तखत :

नाम :

ठेगाना :

फोन नं.:

अनुसूची-३

## वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित कृषि कार्यक्रमको मूल्याङ्कनका आधारहरु

| ़.सं. | ़नं. | ाविदकको नाम | गाना | मूल्याङ्कनका (१०० प्रतिशत पूर्णाङ्कमा गर्ने) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उद्यमीको व्यवसाय प्रतिको अनुभव/ तालिम (३०) | पेश गरेको कार्य योजना (४०) | क्त स्थानमा व्यवसायको सम्भाव्यता (१५) | ास्तवविक लक्षित वर्ग (१५) | ुल प्राप्ताङ्क (१००) |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुसूची-४

# वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित कृषि कार्यक्रमको अवधारणाको संक्षिप्त कार्य योजना

कार्यक्रमको नामः.................................................................................

कृषक/उद्यमीको नाम थरः ........................................................................

व्यवसायक संचालक/प्रतिनिधिको नाम, थरः ........................................................

ठेगानाः वडा नं. : ............ गाउँ/टोलः ........................................................

क) सञ्चालन गर्न खोजेको व्यवसायको नाम र स्थान :

ख) व्यवसायको उद्देश्यहरू

१.

२.

३.

ग) सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानी :

घ) आफ्नो लगानी :

ङ) आफ्नो श्रम :

च) व्यवसायबाट उत्पादन हुने वस्तु :

छ) उत्पादित कृषि बस्तुको परिमाण :

ज) बजार योग्य परिमाणः

झ) व्यवसायले वातावरण वा समुदायमा नकारात्मक प्रभाव पार्छ-पार्दैन

खेती/व्यवसाय गर्ने जग्गाको क्षेत्रफल ................. कठ्ठा लाभान्वित घरधुरी संख्या........

प्रत्यक्ष रोजगारी संख्या............

सञ्चालन गरिने कार्य विवरणः

| क्र.सं. | सञ्चालन गरिने क्रियाकलापको विवरण | कृषि फर्म / उद्यमीले गर्ने कार्यहरु | | | कार्यालयले गर्ने कार्यहरु | | | जम्मा कार्य | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | दर रु. | जम्मा | परिमाण | दर रु. | जम्मा | परिमाण | जम्मा रु. | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | जम्मा खर्च | | | | | | | | | |
| | प्रतिशत खर्च | | | | | | | | | |

व्यवसाय गरेको भए विगत कति समय देखि निरन्तर गरि रहेको वर्ष ............ महिना ........... व्यवसायको लागि श्रमको व्यवस्थापनः क) परिवारबाट ख) वाहिरबाट ग) दुवै कार्ययोजना पेश गर्नेको

नामः

पदः

दस्तखतः

सम्पर्क नं. :

फर्म/उद्यमको छापः

अनुसूची-५

**<u>सम्झौता पत्र</u>**

रम्भा गाउँपालिका, गाउँ कार्यपालिकाको, कार्यालय, पिपलडाँडा, पाल्पा र श्री ........................................ ............... रम्भा गाउँपालिका वडा नं. ..........., पाल्पा बिच वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित कृषि कार्यक्रम सम्बन्धी

**<u>सम्झौता पत्र</u>**

रम्भा गाउँपालिका, कृषि शाखा मार्फत सञ्चालन गरिने चालु आ.व........... को स्वीकृत वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित कृषि कार्यक्रममा ...........................कार्यक्रम सञ्चालन गर्न रम्भा गाउँपालिका (यस पछि पहिलो पक्ष भनिने), विशिष्टताकोआधारमा छनौट भएका युवा कृषक श्री ................................. (यस पछि दोस्रो पक्ष भनिने), बिच तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता भएको छ ।

१. यो सम्झौता पत्र पहिलो पक्ष र दोस्रो पक्ष बीच वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित कृषि कार्यक्रम कार्यान्वयनको लागि मात्र प्रयोग हुनेछ। यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिनेछ । सम्झौता मितिले ७ दिन भित्र कार्य शुरु गर्नुपर्नेछ ।

२. प्राविधिकले तयार गरेको लागत इष्टिमेट अनुसार यस कार्यक्रमका लागि सम्झौता भएको

क. कुल रकम रु. ..................................... (अक्षरेपी ..............................................।)

ख. कार्यालयले उपलब्ध गराउने अनुदान रकम (५०% वा बढीमा रु.१,००,०००/) अक्षरेपी रु.एक लाख मात्र ।

३. दोस्रो पक्षले प्राविधिकको सरसल्लाह अनुसार कार्य सञ्चालन गर्नु पर्नेछ । साथै कार्य सम्पन्न भए पछि मात्र प्रचलित आर्थिक ऐन नियमानुसार करकट्टी गरी रकम भुक्तानी हुनेछ ।

४. भुक्तानीका लागि दोस्रो पक्षले सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र, कार्य सम्पन्न प्रतिवेदन, योजना अघि, योजना निर्माण गरिरहँदा र योजना सम्पन्न पश्चातको रङ्गिन तस्विर, जनश्रमको डोर हाजिरी र सामग्री खरिदको पान/भ्याट बील सहित भुक्तानीको लागि कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ । रकम भुक्तानी दोस्रो पक्षको बैंक खातामा दिइनेछ ।

५. दोस्रो पक्षले यसै कार्यक्रमको लागि आफ्नै स्रोत बाहेक कुनै सरकारी, गैह्र सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा पहिलो पक्षलाई जानकारी गराउनु पर्नेछ । दोस्रो पक्षले यस कार्यक्रम वा यसै प्रकृति बमोजिमको कार्यका लागि दोहोरो अनुदान प्राप्त गरि ठगी गरिएको पाएमा सोको जिम्मेवारी दोस्रो पक्षको हुनेछ । साथै दोस्रो पक्षले पहिलो पक्षबाट उपलब्ध गराएको सेवा सुविधाको दुरुपयोग गरी जनगुनासो आएमा सोको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

६. कार्यक्रमको फरफारक कार्य सम्झौता बमोजिमको सम्पूर्ण कार्य (डिजाइन र इष्टिमेट अनुसार) यसही आ.व. २०.......... को २०...... साल ....................महिना ...........गते भित्र सम्पन्न गरी सक्नु पर्नेछ ।

७. दोस्रो पक्षको लापरवाहीको कारणबाट कुनै प्रकारको मानवीय, भौतिक तथा आर्थिक हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

८. दोस्रो पक्षले सामाग्री खरिद तथा निर्माण कार्यको सार्वजनिक जानकारी (Public Auditing) गराउनुपर्नेछ ।

९. कार्यक्रम सम्पन्न भई हस्तान्तरण भैसके पछि सोको मर्मत सम्भार सम्बन्धी कार्य सम्बन्धित दोस्रो पक्षको हुनेछ ।

१०. यस कार्यक्रम सम्बन्धी कुनै विवाद आएमा पहिलो पक्ष र मूल्याङ्कन समितिको निर्णय नै अन्तिम निर्णय मानिनेछ ।

११. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| | |
|---|---|
| दोस्रो पक्षको तर्फबाटः | पहिलो पक्षको तर्फबाटः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| ठेगानाः | रम्भा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय |
| सम्पर्क नं. | मितिः |

मितिः

फर्म/उद्यमीको छापः

कार्यालयको छापः

कृषि शाखाको तर्फबाटः
हस्ताक्षरः
नामः
पदः
ठेगानाः
सम्पर्क नं.
मितिः

आर्थिक प्रशासन शाखाको तर्फबाट
हस्ताक्षरः
नामः
पदः
ठेगानाः
सम्पर्क नं.
मितिः

इति सम्वत् साल २०.......... महिना ............... गते ............ रोज .......... शुभम् ।

अनुसूची-६

**<u>वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित कृषि कार्यक्रमको प्रगति विवरण</u>**

१. उद्यमी कृषकको नामः
ठेगानाः

२. सञ्चालित व्यवसायको नामः
ठैगानाः

३. आ.व.

४. प्रगति प्रतिवेदन अवधिः चौमासिक/वार्षिक

| क्र.सं. | कार्य विवरण | ईकाइ | लक्ष्य | प्रगति | आई परेका वाधा अड्चनहरु | समाधानको लागि सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रति इकाई उत्पादनको स्थानीय बजारको विक्री मूल्यः

१. ......................................................
२. ......................................................
३. ......................................................

युवा उद्यमीको नामः
दस्तखतः
ठेगानाः
फोन नं.
मितिः
फर्म/उद्यमको छापः